# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, पुस २३ गते, २०७८ साल (अतिरिक्ताङ्क ३३

## भाग २

### प्रदेश सरकार

### स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण मन्त्रालयको

### सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७८।०९।०७ मा स्वीकृत भएको "प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (दोस्रो संशोधन) नियमावली, २०७८" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (दोस्रो संशोधन) नियमावली, २०७८

प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७५ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश, प्रदेश सरकारले देहायका नियमहरू बनाएको छः-

१. <u>संक्षिप्त नाम र प्रारम्भः-</u> (१) यी नियमहरुको नाम "प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (दोस्रो संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ को नियम २५ मा संशोधनः</u> प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ को नियम २५ को,-

(१) उपनियम (१) को खण्ड (क) को सट्टा देहाय खण्ड (क) राखिएको छः-

**"(क) कम्तिमा स्नातक तह उत्तीर्ण गरी स्वास्थ्य सेवा, अन्य सरकारी सेवा वा सामाजिक सेवाको क्षेत्रमा कम्तिमा दश वर्ष सेवा गरेका व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले मनोनित गरेको - अध्यक्ष"**

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थप गरिएको छः-

**"(३) उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम मनोनित अध्यक्ष र सदस्य तथा प्रदेश सरकारबाट स्वीकृत भएका अस्पताल विकास समिति (गठन) आदेशहरु बमोजिम प्रदेश सरकारबाट मनोनित अध्यक्ष र सदस्यलाई प्रदेश सरकारले आवश्यक ठानेमा जुनसुकै बखत हटाउन सक्नेछ।"**

**आज्ञाले,**
**डा. विकास देवकोटा**
**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय